# तुर्माखाँद गाउँपालिकाको गाउँ सभामा गाउँपालिका उपाध्यक्ष श्री बिमला कुमारी शाही ज्यू द्वारा प्रस्तुत आर्थिक बर्ष २०८१।०८२ को राजश्व र व्ययको अनुमान

## तुर्माखाँद गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

तुर्माखाँद, अछाम

सुदूरपश्चिम प्रदेश,नेपाल

*२०८१ साल असार १० गते*

*Web site:www.turmakhadmun.gov.np*
*Email: ito.turmakhadmun@gmail.com*

# तुर्माखाँद गाउँपालिकाको आ.व. २०८१।०८२ को राजश्व र व्ययको अनुमा

*सभाध्यक्ष महोदय,*

*गाउँ सभाका सदस्यहरु,*

यस गरिमामय गाउँ सभामा नेपालको संविधानको धारा २३० बमोजिम तुर्माखाँद गाउँपालिकाको आ२०.व.८१/०८२ को राजश्व र व्ययको अनुमान प्रस्तुत गरिरहदा सर्वप्रथम देश र जनताको वृहत्तर हितका निम्ति आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

*सभाध्यक्ष महोदय,*

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र आ२० .व.८१।०८२ को बजेट तथा कार्यकम तर्जुमाको सम्बन्धमा नेपाल सरकार र सुदुर पश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शन, सोह्रौं योजना, दिगो विकास लक्ष्य, स्थानीय भौगोलिक तथा जनसांख्यिक अवस्था, गाउँ सभाबाट स्वीकृत आ२० .व.८१०८/२ को नीति तथा कार्यक्रमको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८१/२००८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुलाई प्राथमिकता निर्धारण गरिएको छ ।

**क) शिक्षा,**

१. शैशिक गुणस्तर सुधार सँगै गाउँपालिका भित्र पूर्वाधार विकास निर्माणको लागि विद्यालयका भवनहरुको निर्माणका साथै मर्मत सम्भारको व्यवस्था मिलाइनेछ।
२. विद्यालय शिक्षा अनुदान शिक्षक दरबन्दी मिलान, शिक्षकहरुको क्षमता विकास, सिपविकास तथा विद्यालय सुधार योजनाको कार्यक्रम सञ्चालन गरिनेछ। उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थिहरुको शैशिक स्तर अभिबृद्धिको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

**ख) स्वास्थ्य**

१. स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, भौतिक पुर्वाधार तथा आवश्यक उपकरण र प्रविधि मैत्री स्वास्थ्य सेवाको व्यवस्थापन गरिनेछ।

२. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारी,समुदाय स्तरका कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिबृद्धि गरिनेछ। सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य विमा तथा घरदैलो स्वास्थ्य परिक्षणको लागि आवश्यक बजेको व्यवस्थापन गरेको छु।

## ग) यूवा तथा खेलकुद

१. प्रशिक्षणको माद्यमबाट खेलाडीहरुको शिप विकास तथा क्षमता विकास र खेलकुद प्रति आम नागरिकको चासो तथा आकर्षणको लागि पालिका स्तरमा खेलकुद मेलाको आयोजना गरिनेछ।

२. यूवाहरुलाई आत्मा निर्भर बनाउन यूवा लक्षित कार्यक्रम सञ्चालन गरि सिप विकास तालिमको आवश्यक बजेटको व्यवस्था गरेको छु।

## घ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

१. महिला,बालबालिका दलित जनजाती फरक क्षमताका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। सबै स्थानमा लैङ्गिक समानता तथा समावेशीकरणको शिद्धान्त अवलम्बन गर्दै गर्भवती तथा सुत्केरी आमा सँग उपाध्यक्ष कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

## ङ) उद्योग तथा पर्यटन

१. आन्तरिक श्रोतलाई चलायमान बनाई राख्नको लागि पालिकामा विभिन्न उद्योग,व्यवसायहरुलाई प्रोत्साहान तथा अनुदानको व्यवस्था गरिनेछ र राजश्वका क्षेत्र पहिचान गरी आन्तरिक श्रोत अभिबृद्धि गरिनेछ।

## च) कृषि तथा पशुपन्छि

१. रैथानीबालीको प्रवर्द्धन, कृषक पाठशाला तथा स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा फलफुलहरुको उत्पादनमा बृद्धि गर्न कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ र आवश्यक कार्यक्रम बनाई सञ्चालन गरिनेछ।

२. पशुपन्छि औषधी उपचार, पशुपन्छी खोप,पशु प्रयोगशाला संचालन का साथै भैसी बाख्रा तथा कुखुरा पकेट बिस्तार का साथै प्रर्वद्धनका कार्यक्रम संचालन गर्न आबश्यक बजेट गरेको छु।

## छ) शुशासन तथा संथागत

३. गाउँपालिकामा दर्ता भएका सहकारीलाई नियमनका साथै संस्थागत क्षमता अभिबृद्धी गरिने छ।

४. सुसाशन तथा संस्थागत क्षमता बिकासका लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

५. जनसंख्या बृद्धी संगै कृषियोग्य जमिनमा हुने खण्डिकरणलाई नियन्त्रण गर्न आबशिय बस्ति बिस्तार गर्न आबश्यक बजेटको ब्यबस्था गरेको छु ।

६. सबै वडामा सडक सञ्चालन जोडी बिद्युत बिस्तार गर्न सम्बन्धित निकायसँग समन्वय,सहार्यका साथै आवश्यक बजेट विनियोजन गरेको छु।

*सभाध्यक्ष महोदय,*

अब म आगामी आ.व. २०८१।०८२ को लागि गाउँ कार्यपालिकाबाट पारित भएको देहाय बमोजिमको संक्षिप्त अनुमानित आय विवरण पेश गर्दछु।

## आर्थिक वर्ष २०८१।०८२ को अनुमानित राजश्वको विवरण

| क्र.सं. | स्रोत समुह | स्रोत | २०८१/०८२ को अनुमान | रु अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|
| 1 | संघीय सरकार | समानिकरण अनुदान | 91300000 | ९ करोड १३ लाख | |
| 2 | संघीय सरकार | शसर्त अनुदान चालु | 260995000 | २६ करोड ९ लाख ९५ हजार | |
| 3 | संघीय सरकार | शसर्त अनुदान पुँजीगत | 1000000 | १० लाख | |
| 4 | संघीय सरकार | विषेश अनुदान पुँजीगत | 0 | ० | |
| 5 | संघीय सरकार | समपुरक अनुदान | 5000000 | ५० लाख | |
| 6 | संघीय सरकार | राजस्व बाँडफाँड | 110600000 | ११ करोड ६ लाख | |
| 7 | प्रदेश सरकार | शसर्त अनुदान | 13100000 | १ करोड ३१ लाख | |
| 8 | प्रदेश सरकार | समानिकरण अनुदान | 7944000 | ७९ लाख ४४ हजार | |
| 9 | प्रदेश सरकार | विषेश अनुदान पुँजीगत | 7500000 | ७५ लाख | |
| 10 | प्रदेश सरकार | समपुरक अनुदान | 9500000 | ९५ लाख | |
| 11 | प्रदेश सरकार | राजस्व बाँडफाँड | 2487000 | २४ लाख ८७ हजार | |
| 12 | आन्तरिक राजश्व | आन्तरिक स्रोत | 3500000 | ३५ लाख | |
| 13 | गत आ व को अल्या | आन्तरिक स्रोत | 100000 | १ लाख | |
| | **जम्मा** | | **513026000** | ५१ करोड ३० लाख २६ हजार | |

*सभाध्यक्ष महोदय,*

आ.व. आगामी आ.व. २०८१।०८२ को लागि गाउँ कार्यपालिकाबाट पारित भएको देहाय बमोजिम संक्षिप्त विषय क्षेत्रगत उपक्षेत्र अन्तर्गत देहाय बमोजिको कूल **एकाउन्न करोड तिस  लाख छबिस हजार रुपैंया** विजियोजन गरिएको प्रस्ताव पेश गर्दछु ।

| आ .व.२०८१/०८२ को क्षेत्रगत बजेट | | | | |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र उप/क्षेत्र | विनियोजन रु अंकमा | रु अक्षरमा | कैफियत |
| **१** | **आर्थिक विकास** | **14150000** | **१ करोड ४१ लाख ५० हजार** | |
| १ | कृषि | 4600000 | ४६ लाख | |
| २ | उद्योग | 200000 | २ लाख | |
| ३ | पर्यटन | 1000000 | १० दाख | |
| ४ | सहकारी | 250000 | २ लाख ५० हजार | |
| ५ | जलश्रोत तथा सिंचाई | 3500000 | ३६ लाख | |
| ६ | पशुपन्छी विकास | 4500000 | ४५ लाख | |
| ७ | भूमि व्यवस्था | 100000 | १ लाख | |
| **२** | **सामाजिक विकास** | **296325000** | **२९ करोड ६३ लाख २५ हजार** | |
| १ | शिक्षा | 230000000 | २३ करोड | |
| २ | स्वास्थ्य | 55000000 | ५ करोड ५५ लाख | |
| ३ | खानेपानी तथा सरसफाई | 3560000 | ५३ लाख ६० हजार | |
| ४ | भाषा तथा संस्कृति | 965000 | ९ लाख ६५ हजार | |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | 3500000 | ३५ लाख | |
| ६ | युवा तथा खेलकुद | 1800000 | १८ लाख | |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | 1500000 | १५ लाख | |
| **३** | **पूर्वाधार विकास** | **79750000** | **७ करोड ९७ लाख ५० हजार** | |
| १ | यातयात पूर्वाधार | 35000000 | ३ करोड ५० लाख | |

| | | | | |
|---|---|---|---|---|
| २ | भवन, आवास तथा सहरी विकास | 40000000 | ४ करोड | |
| ३ | उर्जा | 4500000 | ४५ लाख | |
| ४ | पुनर्निर्माण | 250000 | २ लाख ५० हजार | |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **2100000** | **२१ लाख** | |
| १ | तथ्यांक प्रणाली | 500000 | ५ लाख | |
| २ | गरिबी निवारण | 900000 | ९ लाख | |
| ३ | वित्तीय सुशासन | 700000 | ७ लाख | |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **120701000** | **१२ करोड ७ लाख १ हजार** | |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | 120701000 | १२ करोड ७ लाख १ हजार | |
| **कुल जम्मा** | | **513026000** | **५१ करोड तिस लाख २६ हजार** | |

अन्तमा, आ.व. २०८१।०८२ को राजश्व र व्ययको अनुमान तर्जुमामा सहयोग पुऱ्याउने र रचनात्मक सुझावहरु दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी संस्था शिक्षक बुद्धिजिवी नागरिक समाज समाजसेवी लागायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेटको कार्यान्वयमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

*धन्यवाद !!!*